**विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९**

**लालमोहर र प्रकाशन मिति**
**२०४९।७।२७**
**संशोधन गर्ने ऐन**

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण (पहिलो संशोधन) ऐन, २०५२ २०५२।१०।१०
केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५७ २०५७।४।६
विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्वन्धी व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** : देशको औद्योगिकिकरणको प्रकृयामा सीमित पूँजी, मानवीय एवं प्राकृतिक साधनको अधिकतम परिचालन गरी अर्थ व्यवस्थालाई सवल, गतिशील एवं प्रतिस्पर्धात्मक बनाउन विदेशी लगानी एवं प्रविधि हस्तान्तरणलाई प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एककाइसौ वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

१. यस ऐनको नाम "विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९" रहेको छ ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यिनका अवयवहरु तथा ती अवयवहरुको वीचको अन्तरक्रिया तथा अन्तरसम्वन्ध सम्झनु पर्छ ।

(ख) "प्रदूषण" भन्नाले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ऱ्हास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ ।

(ग) "संरक्षण" भन्नाले वातावरण तथा राष्ट्रिय सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्वर्द्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनु पर्छ ।

(घ) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भू(उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम संचालन गर्ने सम्वन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(ङ) “प्रस्तावक” भन्नाले प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध सरकारी वा गैर सरकारी निकाय वा संस्था सम्झनु पर्छ।

(च) “प्रारम्भिक वातावरणीय परीक्षण” भन्नाले कुनै प्रस्ताव कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिने सम्वन्धमा यकीन गर्न तयार गरिने विश्लषाणात्मक अध्ययन तथा मूल्यांकन सम्वन्धी प्रतिवेदन सम्झनु पर्छ।

(छ) “वातावरणीय प्रभाव मूल्यांकन” भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिने सम्वन्धमा यकीन गर्न तयार गरिने विस्तृत अध्ययन तथा मूल्यांकन सम्वन्धी प्रतिवेदन सम्झनु पर्छ।

(ज) “फोहर मैला” भन्नाले वातावरणमा ह्रास आउने गरी निष्काशनगरिएको तरल, ठोस, ग्याँस, लेदो, धुवाँ, धूलो, विकिरणयुक्त तत्व वा पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु सम्झनु पर्छ।

(झ) “निष्काशन” भन्नाले ध्वनी, ताप वा फोहर मैला फाल्ने, थुपार्ने, वा निष्काशन गर्ने कार्य सम्झनु पर्छ।

(ञ) “जैविक विविधता” भन्नाले परिस्थितिकीय प्रणाली (इको सिस्टम) को विविधता, प्रजातीय विविधता (स्पेसिज डाइवरसिटी) तथा वंशाणु विविधता (जेनेटिक डाइवरसिटी) सम्झनु पर्छ।

(ट) “राष्ट्रिय सम्पदा” भन्नाले नेपाल अधिराज्यभित्रका प्राकृतिक, सांस्कृतिक, ऐतहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट मानव जातिका लागि महत्वपूर्ण मानिने वातावरणसँग सम्वन्धित कुनै पनि वस्तु, स्थल, वनस्पती तथा जीव जन्तु सम्झनु पर्छ।

(ठ) “मन्त्रालय” भन्नाले श्री ५ को सरकार, जनसंख्या तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

(ड) “तोकिएको” वा “तोकिए वमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्छ।

३. प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्ने : प्रस्तावकले तोकिए वमोजिम प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्नेछ ।

४. प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न नहुने :
यो ऐन प्रारम्भ भएपछि कसैले पनि सम्वन्धित निकाय वा मन्त्रालयबाट तोकिए वमोजिमको प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न, गराउन हुँदैन ।

५. प्रस्ताव स्वीकृतिको लागि पेश गर्नु पर्ने :
कुनै प्रस्ताव कार्यान्वयन गर्न चाहने प्रस्तावकले सो प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्वन्धी प्रतिवेदन संलग्न गरी त्यस्तो प्रस्ताव स्वीकृतिको लागिसम्वन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ ।

६. प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिन सक्ने :
(१) दफा ५ वमोजिम कुनै प्रस्ताव प्राप्त भएमा सम्वन्धित निकायले सो प्रस्ताव साथ संलग्न प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्वन्धी प्रतिवेदन जाँचवुझ गर्दा त्यस्तो प्रस्तावले वातावरणमा उल्लेखनिय प्रतिकूल प्रभाव पार्ने नदेखिएमा प्रारम्भिक वातावरणीय परीक्षण गरिएको प्रस्तावको हकमा आफैले स्वीकृति दिने छ र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन सम्वन्धमा आफ्नो राय सहित सो प्रस्ताव मन्त्रालयमा पठाउनु पर्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रारम्भिक वातावरणीय परीक्षण गरिएको प्रतिवेदन जाँचवुझ गर्दा त्यस्तो प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन पनि गर्नु पर्ने देखिएमा सम्वन्धित निकायले सो प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन गर्न आदेश दिन सक्नेछ । यसरी सम्वन्धित निकायले दिएको आदेश वमोजिम कुनै प्रस्तावकले वातावरणीय प्रभाव मूल्यांकन गरी प्रस्ताव स्वीकृतिको लागि पेश गरेमा सो प्रस्ताव उपर आवश्यक जाँचवुझ गरी आफ्नो राय सहित सो प्रस्ताव मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) वमोजिम कुनै प्रस्ताव साथ वातावरणीय प्रभाव मूल्यांकन सम्वन्धी प्रतिवेदन प्राप्त भएमा मन्त्रालयले सो प्रतिवेदनका सम्वन्धमा राय सुझाव दिनको लागि सर्वसाधारणले सो प्रतिवेदन आफैले उतार गरी लैजान पाउने व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) वा (२) वमोजिम प्रस्ताव साथ प्राप्त वातावरणीय प्रभाव मूल्यांकन सम्वन्धी प्रतिवेदनमा राय सुझाव दिनको लागि मन्त्रालयले  सम्वन्धित निकायका  विशेषत्रहरु समेत रहेको एक समिति गठन गर्न सक्नेछ ।

(५) उपदफा (१) वा (२) वमोजिम प्राप्त वातावरणीय प्रभाव मूल्यांकन सम्वन्धी प्रतिवेृदनमा सर्वसाधारणले कुनै राय सुझाव दिएको भए सो र उपदफा (४) वमोजिम कुनै समिति गठन गरिएकोमा सो ससमतिले दिएको राय सुझाव समेतको आधारमा त्यस्तो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने नदेखिएमा मन्त्रालयले त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न प्रस्तावकलाई स्वीकृति दिनेछ ।

(६) उपदफा (१) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्वन्धी प्रतिवेदनबाट प्रस्तावको कार्यान्वयन गर्दा वातावरणमा पर्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई कम वा नियन्त्रण गर्न सकिने देखिएमा सम्वन्धित निकाय वा मन्त्रालयले प्रस्तावकलाई आवश्यक शर्तहरु तोकी प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेछ ।

(७) प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्यांकन प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिनु पर्ने अवधि र अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

७. प्रदूषणको रोकथाम तथा नियन्त्रण :
(१) कसैले पनि वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी वा जन जीवन र जनस्वास्थ्यका लागि खतरा हुन सक्ने किसिमले प्रदूषण सृजना गर्न वा तोकिएको मापदण्ड विपरित कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनी, ताप, रेडियोधर्मी विकिरण तथा फोहर मैला निष्काशन गर्न, गराउन हुँदैन ।

(२) उपदफा (१) विपरित कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारेको देखिएमा सम्वन्धित निकायले तत् सम्वन्धमा आवश्यक शर्तहरु तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(३) कुनै किसिमको पदार्थ, इनधन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा मन्त्रालयले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी त्यस्तो पदार्थ इनधन, औजार वा संयन्त्रको प्रयोगमा बन्देज लगाउन सक्नेछ ।

(४) प्रदूषणको रोकथाम तथा नियन्त्रण सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

८. वातावरण निरीक्षक :
(१) प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन अनुसार गर्नु पर्ने कामहरु प्रभावकारी रुपले गर्न गराउन मन्त्रालयले लोकसेवा आयोगबाट निर्धारित प्रकृा पूरा गरी वातावरण निरीक्षकहरु नियुक्त गर्न वा त्यस्तो निरीक्षकको काम गर्नेगरी कुनै कर्मचारीलाई तोक्न सक्नेछ ।
वातावरण निरीक्षकहरुको योग्यता तोकिएवमोजिम हुनेछ ।

(२) वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :(

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वमोजिम प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,
(ख) यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम विपरित कुनै ठाउँबाट ध्वनी, ताप वा फोहर मैला निष्काशन गरे नगरेको सम्वन्धमा निरीक्षण गर्ने,
(ग) प्रस्ताव कार्यान्वयन गर्ने स्वीकृति दिँदा तोकिएका शर्तहरु वमोजिम काम भए नभएको जाँचवुझ तथा निरीक्षण गर्ने,
(घ) खण्ड (क), (ख) र (ग) वमोजिम निरीक्षण गर्दा देखिएका कुराहरुको प्रतिवेदन तोकिएको अधिकारी समक्ष पेश गर्ने ।

(३) उपदफा (२) को खण्ड (क), (ख) र (ग) वमोजिम निरीक्षण गर्ने सिलसिलामा वातावरण, निरीक्षकले सम्वन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जगा, भवन, कारखाना, उदोग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेशिनरी, जीव, बस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा जाँचवुझ गर्न सक्नेछ ।

(४) उपदफा (२) वा (३) वमोजिम निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकलई सम्वन्धित व्यक्ति, संस्था वा प्रस्तावकले आवश्यक सहोग गर्नु पर्नेछ ।

(५) उपदफा (२) वा (३) वमोजिम निरीक्षण गर्न जाँदा सम्वन्धित व्यक्ति वा संस्थाले निरीक्षण गर्न नदिएमा वा निरीक्षण गर्न जाँदा काममा वाधा विरोध गरेमा वातावरण निरीक्षकले सो व्यक्ति वा संस्थालाई पाँचहजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(६) उपदफा (५) वमोजिम वातावरण निरीक्षकले गरेको सजाय उपर चित्त नवुझ्नेले तोकिएको अधिकारी समक्ष उजूरी गर्न सक्नेछ र त्यस्तो उजूरीमा तोकिएको अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ ।

(७) वातावरण निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

९. राष्ट्रिय सम्पदाको संरक्षण :

(१) राष्ट्रिय सम्पदाको संरक्षण गर्नु सम्वन्धित निकायको कर्तव्य हुने छ ।
(२) राष्ट्रिय सम्पदाको संरक्षण गर्ने प्रयोजनको लागि सम्वन्धित निकायले पन्जिका तयार गरिराख्नु पर्नेछ र सो पन्जिकामा नेपाल अधिराज्यभित्रका विश्व सम्पदा सूचीमा परेका वस्तु वा स्थलहरु समेत समावेश गर्नु पर्नेछ ।
(३) उपदफा(२) वमोजिमको पन्जिकामा समावेश भएका वस्तु, स्थल, वनस्पती, जीव जन्तु आदिको संरक्षण तोकिए वमोजिम गरिनेछ ।

१०. वातावरण संरक्षण क्षेत्र :

(१) वातावरण संरक्षणका दृष्टिले अति महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा वा सौन्दर्यपरक, दुर्लभ वन्यजन्तु, जैविक विविधता, वनस्पति, ऐतिहासिक तथा सांस्कृतिक महत्वका स्थलहरु भएको नेपाल अधिराज्यभित्रको कुनै ठाउँलाई श्री ५ को सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ ।
(२) उपदफा (१) वमोजिम कायम गरिएको वातावरण संरक्षण क्षेत्रमा तोकिए वमोजिमको कुनै काम गर्न नपाउने गरी रोक लगाउन सकिनेछ ।

११. प्रयोगशालाको स्थापना :

(१) वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्वन्धी कार्यमा सहयोग पुऱ्याउन श्री ५ को सरकारले आवश्यकता अनुसार विभिन्न प्रयोगशालाहरु स्थापना गर्न वा भैरहेका कुनै प्रयोगशालालाई सो कामको लागि तोक्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम स्थापना गरिएका वा तोकिएका प्रयोगशालाको अन्य काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

१२. नमुना संकलन गर्न दिनु पर्ने :

कुनै पनि उद्योग, कारखाना, यन्त्र, सवारी साधन आदिबाट सृजना वा निष्काशन हुने वा हुन सक्ने प्रदूषण, ध्वनी, ताप तथा फोहर मैलाको अध्ययन, परीक्षण वा विश्लेषण गर्नको लागि सम्वन्धित व्यक्ति, संस्था वा प्रस्तावकले सम्वन्धित निकायबाट अधिकार प्राप्त व्यक्ति वा संस्थालाई आवश्यकता अनुसार त्यस्ता वस्तु वा पदार्थको नमूना संकलन गर्न दिनु पर्नेछ ।

१३. वातावरण संरक्षण कोषको स्थापना र संचालन :

(१) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षणको लागि वातावरण संरक्षण कोष नामको एउटा कोषको स्थापना हुनेछ ।

(२) उपदफा (१) वमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :(

(क) श्री ५ को सरकारबाट प्राप्त रकम ।

(ख) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम ।

(ग) अन्य श्रोतबाट प्राप्त रकम ।

(३) वातावरण संरक्षण कोषको संचालन तोकिए वमोजिम हुनेछ ।

(४) कोषको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

१४. वातावरण संरक्षण परिषद गठन गर्न सक्ने :

वातारवण संरक्षण सम्वन्धी विषयमा श्री ५ को सरकारलाई नीतिगत मार्ग दर्शन र राय सल्लाह दिन तथा विभिन्न निकायहरु वीच समन्वय समेत गर्नको लागि श्री ५ को सरकारले वातावरण सम्वन्धी विशेषज्ञ तथा राष्टिय स्तरमा मान्यता प्राप्त राजनैतिक दलका व्यक्तिहरुको समेत प्रतिनिधित्व रहने गरी वातावरण संरक्षण परिषद गठन गर्न सक्नेछ ।

१५. सहुलियत तथा सुविधा प्रदान गर्न सक्ने :

वातावरण संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रकृयालाई प्रोत्साहित गर्न प्रचलित कानून वमोजिम प्रदान गरिएको सहुलियत तथा सुविधाको अतिरिक्त श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना पकाशन गरी तोकिदिए वमोजिमका थप सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेछ ।

१६. समिति गठन गर्न सक्ने :

(१) मन्त्रालयले यो ऐनको उद्देश्य पूर्तिको लागि सम्वन्धित विषयका विशेषज्ञहरु समेत रहेका विभिन्न समितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम गठित समितिहरुको काम, कर्तव्य र अधिकार मन्त्रालयले तोकिदिए वमोजिम हुनेछ ।

१७. क्षतिपूर्ति दिन सक्ने :

(१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम वा निर्देशिका विपरित प्रदूषण, ध्वनी, ताप वा फोहर मैलाको सृजना वा निष्काशन गरेको कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानी नोक्सानी हुन गएमा त्यस्तो कामबाट प्रभावित व्यक्ति वा संस्थाले सो काम गर्ने व्यक्ति, संस्था वा प्रस्तावकसँग कुनै क्षतिपूर्ति भराउन चाहेमा सोही व्यहोरा खुलाई तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) वमोजिम कुनै निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन र सो ठाउँको वस्तुस्थिति समेतलाई जाँचवुझ गर्दा कुनै व्यक्ति, संस्था वा प्रस्तावकले सृजना वा निष्काशन गरेको प्रदुषण, ध्वनी, ताप वा फोहर मैलाबाट कुनै व्यक्ति वा संस्थालाई प्रतिकूल प्रभाव परी कुनै हानी नोक्सानी पर्न गएको प्रमाणित भएमा तोकिएको अधिकारीले त्यस्तो काम गर्नेबाट सम्वन्धित व्यक्ति वा संस्थालाई मनासिव माफिकको क्षतिपूर्ति भराई दिनु पर्नेछ।

१८. दण्ड सजाय :

(१) कसैले दफा ६ वमोजिम प्रस्ताव स्वीकृत नगराई वा स्वीकृत प्रस्ताव विपरित कुनै कार्य गरेमा तोकिएको अधिकारीले त्यस्तो कार्य तुरुन्त वन्द गराउन सक्नेछ र त्यस्तो कार्य कुनै व्यक्ति वा संस्थाले गरेको भए निजलाई कसुरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(२) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशका विपरित अन्य कुनै कार्य गरेमा तोकिएको अधिकारीले त्यस्तो कार्य तुरुन्त वन्द गराउन सक्नेछ र त्यस्तोकार्य कुनै व्यक्ति वा संस्थाले गरेको भए निजलाई कसुरको मात्रा हेरी पचास हजार रुपैयाँसम्म जरिवानागर्न सक्नेछ।

१९. पुनरावेदन :

तोकिएको अधिकारीले गरेको निर्णय वा आदेश उपर चित्त नवुझ्नेले सो निर्णय वा आदेश भएको मितिले पैतिस दिन भित्र सम्वन्धित पुनरावेदन आलतमा पुनरावेदन दिन सक्नेछ।

२०. कार्यविधि अपनाउनु पर्ने :

तोकिएको अधिकारीले यस ऐन वमोजिमको कुनै काम कारवाही गर्दा तोकिए वमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

२१. अधिकार प्रत्यायोजन :

मन्त्रालयले यस ऐन वमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार श्री ५ को सरकारको कुनै निकाय, वातावरण निरीक्षक वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२२. यस ऐन वमोजिम हुने :

यस ऐनमा लेखिए जति कुरामा यसै ऐन वमोजिम र अन्यमा प्रचलित कानून वमोजिम हुनेछ।

२३. निर्देशिका वनाउन सक्ने :

श्री ५ को सरकारले यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ र त्यस्तो निर्देशिकाको पालना गर्नु सम्वन्धित सबैको कर्तव्य हुनेछ।

२४. नियम बनाउने अधिकार :

(१) श्री ५ को सरकारले यस ऐनको उद्देश्य पूर्तिको लागि आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी खास गरी देहायका विषयमा नियमहरु बनाउन सक्नेछ :

(क) प्रस्ताव सम्वन्धमा,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन गर्ने सम्वन्धमा,

(ग) प्रदूषणको श्रोत, मापदण्ड, रोकथाम र नियन्त्रण सम्वन्धमा,

(घ) जैविक विविधता तथा राष्टिय सम्पदाको संरक्षण सम्वन्धमा,

(ङ) जल, वायु, ध्वनी, माटो प्रदूषण सम्वन्धमा,

(च) फोहर मैलाको व्यवस्थापन तथा ओसार पसार आदि सम्वन्धमा,

(छ) वातावरण संरक्षण कोषको सञ्चालन सम्वन्धमा,

(ज) अन्य आवश्यक कुराहरु सम्वन्धमा ।